**ब्यास नगरपालिका कार्यालय**
**दमौली, तनहुं ।**
**गण्डकी प्रदेश, नेपाल**

*प्रथम पटक प्रकाशित मिति २०८१।०६।०९*

**ब्यास नगरपालिकाको दुम्सी बजार स्थित कृषि उपज संकलन तथा बिक्री केन्द्र भवनको ४ ओटा सटरहरु भाडामा दिने सम्वन्धी गोप्य सिलवन्दी दरभाउपत्र आव्हानको सूचना !**

ठेक्का नम्वर: KRISHI/०५/२०८१/०८२

स्थानीय सरकार संचालन ऐन २०७४ को (दफा ११ र ५९) अनुसार व्यास नगरपालिका कार्यालयको स्वामित्वमा रहेको व्यास नगरपलिका वडा नं.१०, दुम्सी बजार स्थित कृषि उपज संकलन तथा बिक्री केन्द्र भवनको ४ ओटा सटरहरु भाडामा लगाउन कार्यालयले निर्धारण गरेको मासिक न्युनतम भाडादरको रकमबाट बढाबढ हुने गरी पसल कवलहरुमा गोप्य शिलवन्दी दरभाउपत्रबाट पसल कवलहरु बहाल लगाउने सम्बन्धी ठेक्का बन्दोवस्ती गर्नुपर्ने भएकोले भाडामा लिन चाहने कृषक समूह तथा कृषि सहकारी संस्थाहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो गोप्य शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

**पसल कवलको न्यूनतम भाडादर:**

| क.सं. | विवरण | न्युनतम अंङ्क मासिक (एकमुष्ट) रु. | दरभाउ पत्र फारम दस्तुर रु. | धरौटी रकम रु. | दरभाउपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| १ | कृषि उपज संकलन तथा बिक्री केन्द्र भवनको ४ ओटा सटरहरु | ८,०००.०० | ३००.०० | १०००.०० | ७ दिन भित्र |

**<u>दरभाउपत्र सम्बन्धी शर्तहरु:</u>**

- शिलवन्दी दरभाउपत्रको हार्डकपीको फाराम यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र कार्यालय समयमा तोकिएको दस्तुर तिरी दरभाउपत्रदाता स्वंय वा रितपुर्वकको लिखित वारेस पठाई यस कार्यालयको राजश्व व्यवस्थापन शाखाबाट खरिद गर्न सकिनेछ । सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२:०० बजेसम्म दरभाउपत्र पेश गर्न सकिने छ । नियमानुसार दर्ता हुन आएका दरभाउपत्रहरु सूचना प्रकाशित भएको मितिले ८ औं दिन मिति २०८१।०६।१६ गते दिनको २:०० बजे यस कार्यालयमा दभाउपत्रदाताहरु समेतको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताहरु उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन । दरभाउपत्र खोल्ने अन्तिम दिन विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुने छन् ।
- भाडामा लिनेले बिजुली, पानी लगायत सामन्य मर्मत संभार स्वंयमले व्यहोर्नु पर्नेछ ।
- भाडा सम्झौता अवधि २ बर्षको लागि कायम हुनेछ ।
- उक्त सटरहरुमा कृषिजन्य व्यवसाय मात्र संञ्चालन गर्नु पर्नेछ ।

**<u>बोलपत्रको रकम दाखिला सम्बन्धी विवरण:</u>**

- <u>बैकको नाम:</u> **नेपाल बैक लिमिटेड, दमौली शाखा**
- <u>कार्यालयको नाम:</u> **व्यास नगरपालिकाको कार्यालय, दमौली, तनहु**
- बोलपत्र फाराम खरिदको दस्तुर जम्मा गर्ने राजश्व खाता नं ०६००३००००१००१०००००१
- **राजश्व शिर्षक नं १४२२९**
- <u>धरौटी रकम जम्मा गर्ने धरौटी खाता</u> ०६००३००००३०००००००१
- बिस्तृत जानकारी तथा अन्य शर्तका लागी: फोन नं. ०६५-५६३२३३, ०६५- ५६३६३२ सम्पर्क गर्नुहुन र website www.vyasmun.gov.np मा हेर्नुहुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत